मिति: २०८१/०३/३१ ने.सं. ११४४ दिल्लाथ्व ९ सोमबार बैठक संख्या - २०

आज मिति २०८१/०३/३१ गते सोमबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को वीसौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........................................................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........................................................................

१७. एमाआइएस अपरेटर श्री विमल योङहाङ..........................................................................

१८. कार्यालय सहयोगी श्री पवित्रा लिम्बु ..........................................................................

**प्रस्तावहरूः**

१. भुक्तानी बाँकी सम्बन्धमा।
२. सरुवा सहमति सम्बन्धमा।
३. विविध।

मिति: २०८१/०३/३१ ने.सं. ११४४ दिल्लाथ्व ९ सोमबार बैठक संख्या - २०

**<u>निर्णय नं. - १</u>**

हिलिहाङ गाउँपालिकाको आ.ब २०८०।८१ मा विनियोजित विभिन्न योजना तथा कार्यक्रम मध्ये आ.ब २०८०।८१ मा सिंहपुर पशुपति माध्यमिक विध्यालय शैक्षिक अनुदान/शिक्षक अनुदान भुक्तानी गर्न नसकिएकोले आगामी आ.व.मा भुक्तानी गर्नका लागि अल्या रकमबाट आवश्यक रकम विनियोजन गर्ने, नियमसंगत भुक्तानी गर्नका मलेप फारम नं. २२१ प्रमाणित गर्ने तथा सुत्रमा इन्ट्री गरी भुक्तानीका लागि आवश्यक कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**<u>निर्णय नं. - २</u>**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकामा, प्रशासन समूह सहायकस्तर पाचौं तहमा कार्यरत श्री सम्झना केरुङलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ (४) बमोजिम अन्तर स्थानीय तह सरुवा भई जान सहमति प्रदान गर्ने ।

**<u>विविध</u>**

(क) कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ७ तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको चलानी नं १२३०, मिति २०८०।११।१५ गतेको प्राप्त पत्रानुसार प्रदेश भित्रका सबै सरकारी कार्यालय एवं स्थानीय तहका कर्मचारीहरुको अभिलेख राख्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेश किताबखाना स्थापना भएको र प्रदेश किताबखानाले आफ्नो कार्य प्रारम्भ गर्नु अघि पहिला पद दर्ता गराउनु पर्ने प्रावधान बमोजिम यस हिलिहाङ गाउँपालिकाले माग भए बमोजिमका सम्पुर्ण कागजातहरु पेश गरी पद दर्ता गराउने सर्वसम्मत निर्णय गरियो ।